सबै प्रदेशका प्रदेश मन्त्रिपरिषद्, प्रमुख सचिव तथा प्रदेश मन्त्रालयका सचिवहरूसँग गरिएको अन्तरक्रिया कार्यक्रममा प्रस्तुत

# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सामान्य जानकारी तथा वित्तीय संघीयता कार्यान्वयन सम्बन्धी विविध पक्षहरू

# छलफलको उद्देश्य

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कामका बारेमा जानकारी गर्ने गराउने
- प्रदेश सरकारलाई उपलब्ध हुने स्रोतका बारेमा जानकारी गर्ने गराउने
- चालु आर्थिक वर्षको बजेट निर्माण तथा आगामी आर्थिक वर्षको बजेटको तयारीका सम्बन्धमा छलफल गर्ने
- आगामी आर्थिक वर्षमा हाल संघीय सरकारले गरिआएका कार्यहरूमध्ये प्रदेश सरकारलाई हस्तान्तरण हुन सक्ने सम्भावित कार्यक्रमहरूको बारेमा छलफल गर्ने

# प्रदेशको मुख्य मुख्य अधिकार क्षेत्रहरु

- प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा, प्रदेश निजामती सेवा र अन्य सरकारी सेवा, स्वास्थ्य सेवा, प्रदेश लोक सेवा आयोग, प्रदेश अनुसन्धान व्युरो
- रेडियो, एफ एम, टेलिभिजन सञ्चालन
- ने.रा.बैंकको नीति अनुरुप वित्तीय संस्थाहरुको सञ्चालन, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान परिचालन
- प्रदेशस्तरको विद्युत, सिंचाइ र खानेपानी सेवा, परिवहन, प्रदेश लोकमार्ग, प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन, कृषि तथा पशु विकास, कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय, यातायात र प्रदेशभित्रको व्यापार
- प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय
- भूमि व्यवस्थापन, जग्गाको अभिलेख, गुठी व्यवस्थापन
- खानी अन्वेषण र व्यवस्थापन
- भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग

# संघ, प्रदेश र स्थानीय तहको आर्थिक अधिकार (संविधानको दफा ५९)

- तीनै तहले आफ्नो अधिकार भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक वजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने
    - कर सम्बन्धी ऐन, आर्थिक ऐन, विनियोजन ऐन, ऋण उठाउने ऐन आदि
- संघले साझा सूचीका विषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागू हुने गरी आवश्यक नीति, मापदण्ड र कानुन बनाउन सक्ने
- तीनै तहले आ-आफ्नो तहको बजेट बनाउने, प्रदेशले असार महिनाको १ गते प्रदेश सभामा र स्थानीय तहले असार १० गते भित्र सम्बन्धित सभामा पेश गर्नु पर्ने
- तीनै तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नुपर्ने
- तीनै तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने

# प्रदेश सरकारको स्रोत

- संघीय सञ्चित कोषबाट वित्तीय हस्तान्तरण हुने अनुदान
  - वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान
- राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम
  - मूल्य अभिवृद्धि कर तथा आन्तरिक अन्त:शुल्क बाँडफाँट हुने
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँटबाट प्राप्त हुने रकम
- आफ्नो राजस्व परिचालन
- नेपाल सरकारबाट लिनसक्ने ऋण
- आन्तरिक ऋण

# स्थानीय सरकारको स्रोत

- संघीय सञ्चित कोषबाट वित्तीय हस्तान्तरण हुने अनुदान
  - वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान
- राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम
  - मूल्य अभिवृद्धि कर तथा आन्तरिक अन्त:शुल्क बाँडफाँट हुने
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँटबाट प्राप्त हुने रकम
- आफ्नो राजस्व परिचालन
- प्रदेश सञ्चित कोषबाट वित्तीय हस्तान्तरण हुने अनुदान
- नेपाल सरकारबाट लिनसक्ने ऋण
- आन्तरिक ऋण

# वित्तीय हस्तान्तरण

## चार प्रकारका अनुदान (नेपालको संविधानको धारा ६०)

- **वित्तीय समानीकरण अनुदान**
  - प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा उपलब्ध गराइने
  - नेपालको संविधानको अनुसूची ६ र ८ मा व्यवस्था भएबमोजिमका कार्यहरूलाई ध्यान दिनुपर्ने
  - प्रदेशले समेत स्थानीय तहलाई यस्तो अनुदान उपलब्ध गराउने
- **सशर्त अनुदान**
  - कुनै कार्यक्रम वा क्रियाकलाप वा आयोजनाका लागि निश्चित रकम नै तोकेर उपलब्ध गराइने
  - नेपालको संविधानको अनुसूची ६ र ८ लाई ध्यान दिनुपर्ने
  - साविकमा नेपाल सरकारका निकायहरूले सम्पादन गर्दै आएका क्रियाकलापहरू प्रदेश र स्थानीय तहमा जाने भएमा सो क्रियाकलाप र बजेट दुवै हस्तान्तरण हुने

# वित्तीय हस्तान्तरण

## चार प्रकारका अनुदान (नेपालको संविधानको धारा ६०)

- **समपूरक अनुदान**
  - प्रदेश वा स्थानीय सरकारले आफूले सञ्चालन गर्ने आयोजना वा कार्यक्रम तय गरी नेपाल सरकारसँग अपुग स्रोत माग गरेमा यस्तो अनुदान उपलब्ध हुने, तर यसका लागि आयोजना कार्यान्वयन पूर्वका चरणहरू पूरा गरेको हुनुपर्ने
  - प्रदेशले स्थानीय तहलाई पनि यस्तो अनुदान दिन सक्ने
  - प्रदेश र स्थानीय सरकारले यसको माग बजेट आउनु अगावै प्रस्तुत गर्नुपर्ने
  - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा उल्लेख भएका आधारहरू पूरा भएको हुनुपर्ने
- **विशेष अनुदान**
  - विशिष्ट प्रकृतिका कार्यहरूका लागि यस्तो अनुदान उपलब्ध गराइने
  - सबै स्थानीय र प्रदेश सरकारलाई उपलब्ध नहुने

# वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा लिइने आधारहरु

- प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकांक
- अन्य प्रदेश वा स्थानीय तहको सन्तुलित विकासको अवस्था
- प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था
- प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकता
- प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनु पर्ने सेवा
- प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता
- प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता

प्रदेश र स्थानीय तहलाई प्रदान गरिने सशर्त अनुदानका लागि आधार तयार गर्दा माथिका आधारहरुका साथै राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था समेतको अध्ययन अनुसन्धान गरी तयार गर्नुपर्ने

# राजस्व बाँडफाँटको ढाँचा तयार गर्दा लिइने आधारहरु

- जनसंख्या र जनसांख्यिक विवरण
- क्षेत्रफल
- मानव विकास सूचकाङ्क
- खर्चको आवश्यकता
- राजस्व संकलनमा गरेको प्रयास
- पूर्वाधार विकास
- विशेष अवस्था

# प्राकृतिक स्रोतको परिचालन गर्दा लिइने आधारहरु

## प्राकृतिक स्रोतको परिचालनमा लगानीको हिस्सा तय गर्ने आधारहरु

- राजस्वको अवस्था र उठाउन सक्ने क्षमता
- लगानी गर्न सक्ने क्षमता
- प्राप्त गर्ने उपलब्धिको हिस्सा
- प्राप्त उपलब्धिको उपभोगको हिस्सा
- पूर्वाधारको अवस्था र आवश्यकता
- आर्थिक अवस्था र भौगोलिक बनोट

## प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने प्रतिफलको हिस्सा तय गर्ने आधारहरु

- परिचालित प्राकृतिक स्रोतको अवस्थिति
- प्राकृतिक स्रोतको परिचालनबाट प्रभावित क्षेत्र
- परिचालित प्राकृतिक स्रोत उपरको निर्भरता
- प्रतिफलबाट लाभान्वित जनसंख्या
- प्राकृतिक स्रोतमा आश्रित जनसंख्या
- प्राकृतिक स्रोतको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता

# नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले लगाउन सक्ने कर तथा गैर कर

| | नेपाल सरकार | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| कर | • भन्सार महसुल, अन्तःशुल्क<br>• मूल्य अभिवृद्धि कर<br>• संस्थागत/व्यक्तिगत आयकर<br>• पारिश्रमिक कर | • घरजग्गा रजिष्ट्रेशन शुल्क<br>• सवारी साधन कर<br>• मनोरञ्जन कर<br>• विज्ञापन कर<br>• कृषि आयमा कर | • सम्पत्ति कर, घर वहाल कर<br>• घर जग्गा रजिष्ट्रेशन शुल्क<br>• सवारी साधन कर<br>• भूमि कर (मालपोत)<br>• मनोरञ्जन कर, विज्ञापन कर<br>• व्यवसाय कर |
| गैरकर | • राहदानी/भिषा शुल्क<br>• पर्यटन दस्तुर<br>• सेवा शुल्क दस्तुर<br>• जुवा/चिट्ठा, क्यासिनो<br>• दण्ड जरिवाना | • सेवा शुल्क दस्तुर<br>• पर्यटन शुल्क<br>• दण्ड जरिवाना | • सेवा शुल्क दस्तुर<br>• पर्यटन शुल्क<br>• दण्ड जरिवाना |
| अन्य | संघीय कानुन र अन्य प्रचलित कानुन अनुसार लगाइने अन्य कर तथा गैर कर | प्रदेशको अधिकार क्षेत्रको विषयमा प्रदेश कानुन र अन्य प्रचिलत कानुन अनुसार लगाइने अन्य कर तथा गैर कर | स्थानीय तहको अधिकार क्षेत्रको विषयमा स्थानीय कानुन र अन्य प्रचलित कानुन अनुसार लगाइने अन्य कर तथा गैर कर |

# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

**नेपालको संविधानको धारा २५० मा व्यवस्था गरिएको संवैधानिक आयोग**

- अध्यक्ष सहित बढीमा पाँच जनाको आयोग
- अन्य संवैधानिक निकायमा हुने नियुक्तिको प्रक्रिया अनुरुप नै आयोगका पदाधिकारीको नियुक्ति हुने
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ ले संविधानका व्यवस्थाहरूलाई थप विस्तृतीकरण गरेको
- स्थायी र करारमा लिन सकिने गरी करिब १०० जना कर्मचारी हुने व्यवस्था
- आयोगका कर्मचारीहरू बहु विधाका रहने व्यवस्था
- विशिष्टीकृत कार्यका लागि विशेषज्ञहरूलाई काममा लगाउन सकिने व्यवस्था

## मुख्य कार्यहरू

### वित्तीय हस्तान्तरण

- संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानको सिफारिस गर्ने
- प्रदेश सञ्चित कोषबाट स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानको सिफारिस गर्ने
- राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार तयार गर्ने

- **राजस्व बाँडफाँट**
  - संघीय सञ्चित कोषबाट संघ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने आधार र ढाँचा तयार गर्ने
  - प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने आधार र ढाँचा तयार गर्ने
  - संघ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी पूरा गर्न राजस्व असूलीमा गर्नुपर्ने सुधारको सिफारिस गर्ने
  - संघ र प्रदेश सरकारको राजस्व बाँडफाँट आधारका पुनरावलोकन गरी परिमार्जनको सिफारिस गर्ने
  - राजस्व बाँडफाँट तथा करका सम्बन्धमा नेपाल सरकारले सुझाव माग गरेमा आवश्यक सुझाव दिने

## मुख्य कार्यहरू

- **प्राकृतिक स्रोतको बाँडफाँट**
  - प्राकृतिक स्रोतमा गरिने लगानी र प्रतिफलको हिस्सा निर्धारणको आधार तयार गर्ने
  - प्राकृतिक स्रोतको बाँडफाँटका सम्बन्धमा उठ्नसक्ने विवादको आँकलन गरी तिनको निराकरणका लागि समन्वयात्मक भूमिका निर्वाह गर्ने
  - प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धीत वातावरण प्रभाव मूल्याङ्कन सम्बन्धमा अध्ययन, अनुसन्धान गरी सिफारिस गर्ने
- **तीनै तहका सरकारले लिनसक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने**
- **वित्तीय संघीयता र प्राकृतिक स्रोतको बाँडफाँटका सम्बन्धमा कुनै सुझाव माग भएमा सुझाव दिने**

# राजस्व र प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट

- **दुई प्रकारको करबाट उठेको राजस्व बाँडफाँट हुने**
  - मूल्य अभिवृद्धि कर र आन्तरिक अन्त:शुल्कको रकम ७० प्रतिशत संघीय सरकारलाई, १५/१५ प्रतिशत प्रदेश र स्थानीय सरकारलाई बाँडफाँट गरिने
  - प्रदेशले पाउने १५ प्रतिशतलाई १०० प्रतिशत मानी ७ प्रदेशमा र स्थानीयले पाउने १५ प्रतिशतलाई १०० प्रतिशत मानी ७५३ स्थानीय तहमा बाँडफाँट गर्नुपर्ने
  - कुनै प्रदेश विशेष वा स्थानीय विशेषमा संकलन भएको मूल्य अभिवृद्धि कर र आन्तरिक अन्त:शुल्कबाट १५ प्रतिशत हुने नभई नेपालभरबाट संकलित यी दुई राजस्वलाई विभाज्य कोषमा राखी सोबाट बाँडफाँट गरिने
- **रोयल्टीको बाँडफाँट**
  - पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीमध्ये संघीय सरकारलाई ५० प्रतिशत र सम्बन्धित प्रदेश तथा स्थानीय सरकारलाई २५/२५ प्रतिशत बाँडफाँट गरिने
  - यो रोयल्टी सबै स्थानीय र प्रदेशलाई उपलब्ध हुने नभई प्रभावित स्थानीय र प्रदेशलाई मात्र उपलब्ध हुने

# वैदेशिक सहायताको परिचालन

- नेपालको संविधानले वैदेशिक सहायता परिचालन गर्ने अधिकार नेपाल सरकारलाई दिएको
- प्रदेश सरकारले नेपाल सरकारको स्वीकृतिमा वैदेशिक अनुदान परिचालन गर्नसक्ने व्यवस्था गरेको
- स्थानीय तहले आफैं वैदेशिक सहायता परिचालन गर्ने व्यवस्था नभएको

**तसर्थ,**

- नेपाल सरकारले तीन तहका सरकारका लागि वैदेशिक सहायता प्राप्त गर्ने र वित्तीय हस्तान्तरणको माध्यमबाट प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने

**यसका लागि,**

- नेपाल सरकारले विकास साझेदारहरूसँग Financing Agreement गर्ने
- आयोजना विशेषका लागि प्रदेश वा स्थानीय तहले विकास साझेदारहरूसँग Project Agreement गर्नसक्ने

## हाल संघीय सरकारबाट सञ्चालन भएका आयोजनाहरूको कार्यान्वयन

- वैदेशिक सहायतमा सञ्चालन भई कार्यान्वयनमा रहेका डिसेम्बर २०१८ सम्ममा सम्पन्न हुने आयोजनाहरू अहिलेकै विधिबाट सञ्चालन गर्ने
- डिसेम्बर २०१८ पछि सम्पन्न हुने आयोजनाहरू जुन तहको सरकारको कार्यक्षेत्रभित्र पर्छ, सोही तहमा हस्तान्तरण हुने
- नयाँ आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयन विधि नयाँ तरिकाले निर्धारण गर्ने
- संघीय सरकारद्वारा बहुवर्षीय ठेक्का भइसकेका आयोजनाहरु पनि ठेक्का र रकम सहित तत् तत् स्थानीय तह वा प्रदेश तहमा हस्तान्तरण हुने

# प्रदेश सरकारको बजेटको तयारी

## यस आर्थिक वर्षको बजेट तयार गर्दा

- संघीय सरकारबाट प्राप्त अनुदानलाई मूल स्रोत मान्ने
- विनियोजन विधेयक र आर्थिक विधेयक प्रस्तुत गर्ने
- एकीकृत खर्च तथा राजस्व संकेत वर्गीकरण अनुरुप राजस्व शीर्षकहरू र खर्च शीर्षकहरूको वर्गीकरण गर्ने

## आगामी आर्थिक वर्षको बजेटको तयारी

- मध्यकालीन खर्च संरचना तयार गर्ने
- आय र व्ययको अनुमान तयार गर्ने – खर्चको अनुमान र स्रोतको प्रक्षेपण
- विनियोजन विधेयक र आर्थिक विधेयक तयार गर्ने
- एकीकृत खर्च तथा राजस्व संकेत वर्गीकरण अनुरुप राजस्व शीर्षकहरू र खर्च शीर्षकहरूको वर्गीकरण गर्ने

# आर्थिक कानुन निर्माण तथा सार्वजनिक खर्च व्यवस्थाका सम्बन्धमा ध्यान दिनुपर्ने विषय

## सम्बन्धित कानुनहरु

- संघीय अर्थ मन्त्रालयले जारी गरेका करसंग सम्बन्धित नमूना कानुनहरु
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- संघीय अर्थ मन्त्रालयले जारी गरेको विनियोजन ऐन
- संघीय अर्थ मन्त्रालयले जारी गरेकी आर्थिक कार्यविधि ऐन

## सार्वजनिक खर्च व्यवस्थासंग सम्बन्धित विषयहरु

- तीनै तहले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्नुपर्ने
- तीनै तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा प्रस्तावित योजनाको उद्धेश्य, सम्भाव्यता अध्ययन गर्न वा खर्चको आवश्यकता, कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, आवश्यक खर्च, खर्च व्यहोर्ने स्रोत जस्ता विषयहरु खुलाई आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको **मध्यकालीन खर्च संरचना** तयार गर्नुपर्ने

# आगामी आर्थिक वर्षमा प्रदेशस्तरमा सञ्चालनका लागि हस्तान्तरण गरिने कार्यक्रमका आधारहरु

## (क) शासकीय व्यवस्था एवम् सुशासन

- प्रादेशिक शासन प्रणाली र अन्तर स्थानीय तह समन्वय
- सुशासन प्रबर्द्धन तथा शासकीय सुधार
- प्रादेशिक तथा स्थानीय आयोजनाहरुको नतिजा व्यवस्थापन

## (ख) अर्थ

- प्रादेशिक योजना तथा सार्वजनिक वित्त व्यवस्थापन
- संघको सहमतिमा वैदेशिक अनुदान र सहयोग परिचालन
- स्थानीय तहमा वित्त हस्तान्तरण
- लघु बीमा (कृषि, पशु) तथा साना प्रकृतिका अनुदान

# आगामी आर्थिक वर्षमा प्रदेशस्तरमा सञ्चालनका लागि हस्तान्तरण गरिने कार्यक्रमका आधारहरु

**(ग) उद्योग, वाणिज्य तथा आपूर्ति**

- ग्रामीण उद्यम तथा उद्यमशीलता प्रवर्द्धन
- बजार विकास र सोका लागि आवश्यक सीप विकास
- व्यापार सूचना तथा निकासी प्रवर्द्धन
- बजार अनुगमन
- उद्यमशीलता, व्यवसायिक सीप विकास र तालिम
- लघु, घरेलु तथा साना उद्योग सम्बन्धी विषयमा तालिम

**(घ) कानुन, न्याय तथा संसदीय मामिला**

- संघीय प्रणाली बमोजिम प्रादेशिक कानुन निर्माण
- कानुनी परामर्श तथा निःशुल्क कानुनी सहायता
- मेलमिलाप र मध्यस्थता

# आगामी आर्थिक वर्षमा प्रदेशस्तरमा सञ्चालनका लागि हस्तान्तरण गरिने कार्यक्रमका आधारहरु

## (ङ) ऊर्जा, जलस्रोत तथा सिंचाइ

- मझौला प्रकृतिका आयोजना (तराई-मधेशमा २०० हेक्टर देखि १०,००० हेक्टरसम्म र हिमाल पहाडमा ५० हेक्टर देखि १००० हेक्टरसम्म) आयोजनाहरूको अध्ययन, अनुसन्धान, गुरुयोजना तथा निर्माण
- एकभन्दा बढी स्थानीय तहसँग सम्बन्धित सिंचाइ आयोजनाहरूको निर्माण तथा समन्वय
- तराई-मधेशमा २००० हेक्टर देखि २०,००० हेक्टर सम्म सिंचित क्षेत्र भएका सिंचाइ आयोजनाहरूको मर्मत संम्भार तथा व्यवस्थापन
- प्रदेशस्तरीय जलविद्युत आयोजनाहरूको निर्माण तथा सञ्चालन
- ३३ के.भी. सम्मका प्रसारण लाइन निर्माण र व्यवस्थापन
- ग्रामीण तथा सामुदायिक विद्युतीकरण
- भूमिगत जल सिंचाइ अन्तरगत मेशिन ड्रिल टयूववेल तथा डिप टयूववेल सिंचाइ योजनाहरू तथा ट्यूववेल योजनाको मर्मत तथा व्यवस्थापन
- मझौला प्रकृतिका नदीहरू (महाभारत पहाड र चुरे पहाडबाट उद्गम भई बग्ने नदी) नियन्त्रण/व्यवस्थापन
- लम्बाइ १०० देखि २०० मिटरसम्म, फेदको चौडाइ ५० देखि १०० मिटर तथा कुल क्षेत्र ५००० देखि २०,००० वर्ग मिटर सम्मका पहिरो नियन्त्रण तथा व्यवस्थापन

# आगामी आर्थिक वर्षमा प्रदेशस्तरमा सञ्चालनका लागि हस्तान्तरण गरिने कार्यक्रमका आधारहरु

## (च) कृषि, भूमि व्यवस्था तथा सहकारी

- प्रदेशस्तरका अनुसन्धानमूलक फार्म केन्द्रहरू सञ्चालन र विकास
- कृषि तथा पशु उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्यहरू
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको ब्लक र पकेट विकास सम्बन्धी कार्यहरू
- बीऊ आपूर्ति र नियमन
- मुक्त कमैया तथा हलिया सम्बन्धी कार्यक्रम
- सहकारी सम्बन्धी तालीम/प्रशिक्षण
- गरिब लक्षित विशिष्टीकृत कार्यहरू

# आगामी आर्थिक वर्षमा प्रदेशस्तरमा सञ्चालनका लागि हस्तान्तरण गरिने कार्यक्रमका आधारहरु

**(छ) खानेपानी**

- प्रदेशस्तरका आधारभूत खानेपानी उत्पादन, प्रशोधन र वितरण सम्बन्धी कार्यहरू
- तराई-मधेशमा १० हजार देखि ५०हजार , पहाडमा १० हजारदेखि २५ हजार र हिमालमा २ हजारदेखि ५ हजार सम्मको जनसंख्यालाई खानेपानी सेवा पुऱ्याउने आयोजना
- फोहोरमैला व्यवस्थापन र प्रशोधनका कार्यहरू
- एकभन्दा बढी स्थानीय तहलाई प्रभाव पार्ने आयोजनाहरू

# आगामी आर्थिक वर्षमा प्रदेशस्तरमा सञ्चालनका लागि हस्तान्तरण गरिने कार्यक्रमका आधारहरु

**(ज) गृह**

- प्रदेश शान्ति सुरक्षा
- मानव बेचबिखन र लागू औषध कारोवार सम्बन्धी सूचना संकलन, विश्लेषण तथा प्रवाह र नियन्त्रण तथा सचेतना
- कारागार व्यवस्थापन
- प्रदेश लोकमार्ग र स्थानीय मार्गमा ट्राफिक व्यवस्थापन
- स्थानीय प्रशासन
- संघ, संस्था दर्ता, अभिलेखीकरण र नियमन
- विपद् व्यवस्थापन

## आगामी आर्थिक वर्षमा प्रदेशस्तरमा सञ्चालनका लागि हस्तान्तरण गरिने कार्यक्रमका आधारहरु

**(झ) भौतिक पूर्वाधार तथा यातायात**

- प्रदेशस्तरका लोकमार्गहरू
- साविकमा स्थानीय पूर्वाधार तथा कृषि सडक विभागबाट भइरहेका सम्पूर्ण कार्यहरू (संरचना समेत)
- दुई वा दुईभन्दा बढी स्थानीय तह भएर जाने सडकहरू (ग्रामीण र कृषि सडक समेत)
- झोलुङ्गे पुल

**(ञ) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक**

- प्रदेशस्तरका महिला विकास कार्यक्रम
- महिला सचेतना तथा विकास सम्बन्धी तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम
- प्रदेशस्तरका वृद्धाश्रम र बालग्राम व्यवस्थापन तथा अनुगमन

# आगामी आर्थिक वर्षमा प्रदेशस्तरमा सञ्चालनका लागि हस्तान्तरण गरिने कार्यक्रमका आधारहरु

## (ट) युवा तथा खेलकुद

- युवा वैज्ञानिक प्रोत्साहन
- युवासम्बन्धी प्रादेशिक नीति, कानुन, योजना, कार्यान्वयन तथा नियमन
- राष्ट्रिय विकास स्वयंसेवक परिचालन
- प्रदेशस्तरमा खेलकुद विकास तथा प्रादेशिक पूर्वाधारहरूको विकास, निर्माण र स्तरोन्नति
- प्रादेशिक खेलकुद प्रतियोगिताको आयोजना तथा सहभागिता

## (ठ) शिक्षा,विज्ञान तथा प्रविधि

- शिक्षाका लागि खाद्यान्न कार्यक्रमको सञ्चालन
- व्यावसायिक शिक्षा तथा प्राविधिक तालीम
- पोलिटेक्निक सञ्चालन
- विज्ञान संग्रहालय तथा प्लानेटोरियम

# आगामी आर्थिक वर्षमा प्रदेशस्तरमा सञ्चालनका लागि हस्तान्तरण गरिने कार्यक्रमका आधारहरु

## (ड) वन तथा वातावरण

- एकभन्दा बढी स्थानीय तहमा फैलिएको सामुदायिक र कबुलियती वनको व्यवस्थापन
- जडिबूटी विकास, उत्पादन, बजारीकरण र प्रवर्द्धन
- भू तथा जलाधार संरक्षण
- प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरियमहरुको व्यवस्थापन
- वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन
- प्रदेशस्तरीय चिडियाखाना व्यवस्थापन
- प्रदुषण नियन्त्रण
- मौसम र जलमापन सञ्जाल व्यवस्थापन
- वन तथा वातावरण सम्बन्धी  तालीम
- जलवायु परिवर्तन सम्बन्धी क्रियाकलापहरू

# आगामी आर्थिक वर्षमा प्रदेशस्तरमा सञ्चालनका लागि हस्तान्तरण गरिने कार्यक्रमका आधारहरु

**(ढ) श्रम, रोजगार तथा सामाजिक सुरक्षा**

- सीप विकास तालिम र रोजगार प्रवर्द्धन

**(ण) सहरी विकास**

- प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मतसंभार
- प्रदेशभित्रको आवास तथा भवन सम्बन्धी योजनाहरुको कार्यान्वयन र मार्गनिर्देशन
- प्रादेशिक राजधानी र अन्तर स्थानीय सहरको योजना तर्जुमा, कार्यान्वयन तथा संयोजन
- लक्षित आवास कार्यक्रमको नीति, योजना र कार्यान्वयन
- एकीकृत बस्ती विकास
- प्रदेश तहका सरकारी भवन निर्माण तथा मर्मत सम्भार

# आगामी आर्थिक वर्षमा प्रदेशस्तरमा सञ्चालनका लागि हस्तान्तरण गरिने कार्यक्रमका आधारहरु

## (त) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

- प्रदेशस्तरका पर्यटन पूर्वाधार
- भाषा लिपी संस्कृति ललितकला र धार्मिक सम्पदा संरक्षण
- प्रदेश संग्रहालय
- संस्कृति तथा पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यहरू

## (थ) संघीय मामिला तथा सामान्य प्रशासन

- स्थानीय शासन तथा सामुदायिक विकास
- प्रदेश तथा स्थानीय मामिला प्रशिक्षण
- प्रदेश तथा स्थानीय निजामती सेवा र अन्य संघीय सरकारी सेवाका कर्मचारीको क्षमता विकास, प्रशिक्षण तथा कल्याण

# आगामी आर्थिक वर्षमा प्रदेशस्तरमा सञ्चालनका लागि हस्तान्तरण गरिने कार्यक्रमका आधारहरु

## (द) सञ्चार तथा सूचना प्रविधि

- १०० वाट भन्दा माथि १००० वाट सम्मको एफ. एम. रेडियो इजाजत र नवीकरण
- प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन
- प्रदेशस्तरको विद्युतीय संचार माध्यम सञ्चालन अनुमति, नवीकरण र नियमन
- प्रदेश भित्र टेलिसेन्टर संचालन, व्यवस्थापन र नियमन
- प्रदेशस्तरका सूचना प्रविधि पार्कको योजना, निर्माण, व्यवस्थापन र नियमन
- छापा तथा अनलाइन संचार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन

# आगामी आर्थिक वर्षमा प्रदेशस्तरमा सञ्चालनका लागि हस्तान्तरण गरिने कार्यक्रमका आधारहरु

## (ध) स्वास्थ्य तथा जनसंख्या

- साविकमा रहेका क्षेत्रीय, उपक्षेत्रीय तथा अञ्चल अस्पताल र आयुर्वेद चिकित्सालय
- खोप, औषधि, उपकरणको सञ्चालन
- स्थानीय तहहरूबीच स्वास्थ्य सेवाको समन्वय
- प्रादेशिकस्तरको जनसांख्यिक सूचना व्यवस्थापन, क्षमता विकास तथा अध्ययन

## (न) योजना तथा तथ्याङ्क व्यवस्थापन

- प्रादेशिक योजना तर्जुमा,अनुगमन, मूल्यांकन र अनुशिक्षण
- प्रदेश मध्यकालीन खर्च संरचना
- दिगो विकास लक्ष्यको प्रदेश तहमा कार्यान्वयन तथा समन्वय
- सार्वजनिक निजी साझेदारी सम्बन्धी प्रादेशिक योजना तथा कार्यान्वयन
- प्रादेशिक तथ्यांक र अभिलेखसम्बन्धी योजना, संकलन तथा व्यवस्थापन

धन्यवाद !